वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई

LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १७६ | २०८३ कात्तिक १७ गते मंगलबार, नेपाल सम्वत् ११४६ November 03, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



बालबालिकालाई स्वर्णविन्दु प्राशन

प्रदेश आयुर्वेद चिकित्सालय तनहुँमा सोमबार बिहान बालबालिकालाई स्वर्णविन्दु खुवाउँदै अस्पतालका चिकित्सक । चिकित्सालयका अनुसार ६०६ जना पुराना र ११५ जना नयाँ गरी ७२१ जना बालबालिकालाई स्वर्णविन्दु खुवाइएको थियो । स्वर्णविन्दु प्राशन आयुर्वेदमा प्रयोग हुने एक प्रकारको परम्परागत बालस्वास्थ्य विधि हो। यसमा सुनको भस्म (स्वर्ण), मह, घिउ तथा विभिन्न जडीबुटीको मिश्रण निश्चित विधिअनुसार बालबालिकालाई खुवाइन्छ । आयुर्वेदिक मान्यताअनुसार स्वर्णविन्दु प्राशनले बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता, स्मरणशक्ति, पाचनशक्ति र शारीरिक तथा मानसिक विकासमा सहयोग गर्छ भन्ने विश्वास छ ।

तस्विर : अश्विनकिशोर श्रेष्ठ/भञ्ज्याङ

सरकारमाथि दबाब बढाउँदै विपक्षी, सडक र सदनबाटै घेराबन्दीको तयारी

संसद् अधिवेशन बोलाउन पाँच दलको माग, न्यायालय प्रकरणमा छानबिन समिति गठनको अडान

भञ्ज्याङ समाचारदाता/काठमाडौं

झन्डै दुईतिहाइ बहुमतसहित सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारमाथि विपक्षी दलहरूले राजनीतिक दबाब बढाउने तयारी गरेका छन्। सरकारका कामकारबाही, प्रधानमन्त्रीका अभिव्यक्ति, न्यायालयमा उठेका प्रश्न, राष्ट्रियता र जनजीविकाका मुद्दालाई अघि सार्दै विपक्षी दलहरू सडक र सदन दुवै मोर्चाबाट सरकारलाई चुनौती दिने रणनीतिमा जुटेका हुन् ।

विपक्षी दलहरूको सक्रियता बढेसँगै तत्काल संघीय संसद्को अधिवेशन बोलाउनुपर्ने माग पनि चर्किएको छ। नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिहरूको सोमबार सिंहदरबारमा बसेको संयुक्त बैठकले संसद्को अधिवेशन तत्काल आह्वान गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ ।

विपक्षी दलहरूले सरकार अध्यादेशमार्फत शासन सञ्चालन गर्न खोजेको आरोप लगाउँदै संसद्को भूमिका कमजोर पार्न नहुने बताएका छन् । जनताका समस्या, राष्ट्रिय स्वाधीनता, संविधानको कार्यान्वयन र सरकारका विवादित निर्णयमाथि संसद्मा पर्याप्त छलफल हुनुपर्ने उनीहरूको माग छ ।

बैठकपछि कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद्को औचित्य कायम राख्न पनि अधिवेशन आवश्यक रहेको बताए। उनले सुनसरीको



कप्तानगञ्ज घटनादेखि गृहमन्त्री सुधन गुरूङको सम्पत्तिसम्बन्धी प्रतिवेदनसम्मका विषयमा सरकारले पारदर्शिता नदेखाएको आरोप लगाए । प्रतिवेदनका आफूलाई अनुकूल हुने अंश मात्रै सार्वजनिक गरेर बाँकी विवरण लुकाइएको उनको भनाइ थियो ।

नेपाली कम्युनिस्ट पार्टीका नेता प्रमेश हमालले पनि संविधान, लोकतन्त्र, राष्ट्रियता र जनजीविकाका विषयमा संसद्मा गम्भीर छलफल आवश्यक रहेको बताए । विपद्बाट प्रभावित नागरिकको पुनःस्थापना तथा पुनर्निर्माण र जनताले भोगिरहेका समस्यालाई सदनमा उठाउनुपर्ने विपक्षीको निष्कर्ष रहेको उनले जानकारी दिए ।

कांग्रेसले भने न्यायालयमा बिचौलियाको संलग्नतामा मुद्दाको किनबेच तथा सेटिङ भएको भनिएको प्रकरणलाई छुट्टै मुद्दाका रूपमा अघि सारेको छ । त्यसको निष्पक्ष छानबिनका लागि उच्चस्तरीय संसदीय समिति गठन गर्नुपर्ने कांग्रेसको माग छ । न्यायालय, सरकार प्रमुख र प्रहरीसमेतको नाम जोडिएको विषयमा सरकारी निकायबाट हुने छानबिन निष्पक्ष हुनेमा आशंका रहेको कांग्रेस प्रमुख सचेतक वासना थापाले बताएकी छन् ।

प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिलाई लिएर पनि संसद्भित्रको विवाद टुंगिएको छैन। गत जेठ १७ गते सांसदका प्रश्नको जवाफ दिने क्रममा भारतको भूमि नेपालले मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिप्रति असन्तुष्ट विपक्षी दलहरूले त्यसको स्पष्टीकरण माग्दै आएका छन् । प्रधानमन्त्रीले आफ्नो भनाइ फिर्ता लिनुपर्ने वा नेपालले भारतको कुन भूमि मिचेको हो भन्ने कुरा संसद्को रोष्ट्रमबाट

बाँकी तेश्रो पेजमा

कांग्रेस व्यास नगरको प्राथमिकता : युवा नेतृत्व, विपद् सेवा र जनसंवाद

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाली कांग्रेस व्यास नगर कार्यसमितिले पार्टी संगठनलाई जनतासँग जोड्ने र सामाजिक गतिविधिमा सक्रिय बनाउने लक्ष्यसहित युवा नेतृत्व विकास, विपद् व्यवस्थापन र घरदैलो जनसंवादलाई प्राथमिकतामा राखेको छ । नवनिर्वाचित व्यास नगर सभापति तुलसीराम सापकोटाले पदभार ग्रहण गरेसँगै नगर कार्यसमितिले यी तीन कार्यक्रमलाई आफ्नो प्रमुख कार्ययोजनाका रूपमा अघि सारेको हो ।



सोमबार आयोजित नगर कार्यसमितिको पदस्थापना तथा पद हस्तान्तरण कार्यक्रममा निवर्तमान सभापति सूर्यचन्द्र हड्खलेले नवनिर्वाचित सभापति सापकोटालाई पद हस्तान्तरण गरेका थिए । हड्खलेको अध्यक्षतामा भएको पहिलो चरणको कार्यक्रममा सापकोटाले पदभार ग्रहण गरेका थिए ।

नवनिर्वाचित सभापति सापकोटाको अध्यक्षतामा सम्पन्न दोस्रो चरणको कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य प्रकाश पन्थ प्रमुख अतिथि र केन्द्रीय सदस्य डा. जगदीशचन्द्र पोखरेल विशिष्ट अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रममा निवर्तमान सभापति वैकुण्ठ न्यौपानेले पार्टीको वर्तमान अवस्था, संगठनभित्रका चुनौती र समसामयिक राजनीतिक परिस्थितिबारे धारणा राखेका थिए। अन्य वक्ताहरूले पनि बदलिँदो राजनीतिक परिवेशमा पार्टी संगठनलाई प्रभावकारी बनाउन नेता-कार्यकर्ताबीच एकता, सक्रियता

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

फूल खेती र बजारको सुनिश्चितता

नेपालीहरूको दोश्रो ठूलो पर्व तिहार नजिकिँदै गर्दा सयपत्री फूलको माग बढ्छ। घरआँगनदेखि मठमन्दिर र सार्वजनिक स्थलसम्म फूलको प्रयोग बढ्ने भएकाले यो समय फूल उत्पादक किसानका लागि आम्दानी गर्ने अवसर पनि हो । तर, तनहुँका व्यावसायिक फूल किसानका लागि तिहारको बढ्दो माग उत्साहभन्दा बढी चिन्ताको विषय बन्दै गएको छ । खेतबारीमा मेहनत गरेर फूल उत्पादन गरे पनि उचित मूल्य र बजारको सुनिश्चितता नहुँदा किसानले अपेक्षित लाभ लिन सकेका छैनन् । किसानले प्रतिकिलो तीन सय रूपैयाँमा बिक्री गर्नुपर्ने सयपत्री बजारमा आठ सयदेखि एक हजार रूपैयाँसम्ममा बिक्री हुनु उत्पादक र उपभोक्ताबीचको मूल्य अन्तरको उदाहरण हो । यसले फूल उत्पादन गर्ने किसानले न्यून आम्दानी पाउने र उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने अवस्था देखाउँछ । उत्पादनदेखि उपभोगसम्मको मूल्य श्रृंखलामा किसानको प्रत्यक्ष पहुँच नहुँदा बीचका व्यापारीले बढी लाभ लिने गरेका छन् । यस्तो अवस्थाको अन्त्य गर्न किसानलाई बजारसँग प्रत्यक्ष जोड्ने व्यवस्था आवश्यक छ ।

म्याग्दे गाउँपालिका-४ छिम्लीश्वाराका २३ महिलाले १६ रोपनी क्षेत्रफलमा गरेको सामूहिक सयपत्री खेती यस क्षेत्रको सम्भावनाको उदाहरण हो । गाउँपालिकाको अनुदान र प्राविधिक सहयोगमा व्यावसायिक खेतीमा लागेका महिलाले उत्पादन बढाउने प्रयास गरेका छन् । तर, उत्पादन बिक्री हुने निश्चितता नहुँदा उनीहरू लगानी डुब्ने चिन्तामा छन् । यसले कृषि उत्पादन बढाउन अनुदान दिनु मात्र पर्याप्त हुँदैन भन्ने स्पष्ट पार्छ । स्थानीय तहले किसानलाई खेतीका लागि प्रोत्साहन गर्नु सकारात्मक हो । म्याग्दे गाउँपालिकाले तीन वर्षदेखि ७० प्रतिशत अनुदान उपलब्ध गराउनु र फूल सुरक्षित राख्न चिस्यान केन्द्रको व्यवस्था गर्नु प्रशंसनीय काम हो। तर, उत्पादनपछि बजार नपाउने हो भने अनुदान र प्राविधिक सहयोगको अपेक्षित प्रतिफल प्राप्त हुँदैन । त्यसैले स्थानीय सरकारले उत्पादन, भण्डारण, बजारीकरण र उचित मूल्य निर्धारणलाई एउटै योजनामा जोड्नुपर्छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति व्यवहारमा कार्यान्वयन हुनु पनि उत्तिकै आवश्यक छ । गाउँपालिका तथा वडा कार्यालयका कार्यक्रम, सार्वजनिक समारोह र चाडपर्वमा प्रयोग हुने फूल स्थानीय किसानबाटै खरिद गर्ने व्यवस्था मिलाउन सकिन्छ । विद्यालय, सहकारी, धार्मिक तथा सामाजिक संस्थालाई पनि स्थानीय उत्पादनको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ। यसबाट किसानले निश्चित बजार पाउने मात्र होइन, बाहिरबाट फूल ल्याउनुपर्ने निर्भरता पनि घट्न सक्छ ।

त्यस्तै, किसानका समूह र सहकारीमार्फत सामूहिक बिक्री तथा बजार व्यवस्थापन गर्न सकिन्छ । स्थानीय व्यापारी, फूल पसल र उपभोक्तासँग किसानको प्रत्यक्ष सम्पर्क स्थापित गर्ने संयन्त्र आवश्यक छ । उत्पादनको मात्रा र मागको पूर्वानुमान गरेर खेती विस्तार गर्ने व्यवस्था मिलाउन सके बिक्री नभएर फूल खेर जाने जोखिमसमेत कम गर्न सकिन्छ । कृषिमा आत्मनिर्भर बन्न उत्पादन बढाउनु जति महत्त्वपूर्ण छ, उत्पादित वस्तुको उचित मूल्य र बजार सुनिश्चित गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । किसानलाई अनुदान दिएर खेतीमा आकर्षित गर्ने तर उत्पादन बिक्रीको जिम्मेवारीबाट पन्छिने प्रवृत्तिले व्यावसायिक कृषिलाई दिगो बनाउन सक्दैन। फूल खेतीलाई किसानको नियमित आम्दानीको स्रोत बनाउने हो भने स्थानीय तहले बजार व्यवस्थापनमा नेतृत्व लिनुपर्छ । किसानको पसिनाको उचित मूल्य पाउने र उपभोक्ताले पनि सहज मूल्यमा फूल किन्न पाउने वातावरण निर्माण गर्नु नै स्थानीय उत्पादन प्रवर्द्धनको वास्तविक सफलता हो ।

पर्यटनमा सरकारको लगानी, निजी क्षेत्रको पहल र समृद्धिको बाटो

नेपालमा पर्यटनको चर्चा हुँदा काठमाडौं, पोखरा, चितवन, लुम्बिनी, सगरमाथा, ढोरपाटन र मुस्ताङ लगायतका नामहरु अगाडि आउँछन् । तर प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाका दृष्टिले दाङ पनि कम सम्भावना बोकेको जिल्ला होइन। दाङसँग पर्यटकलाई आकर्षित गर्ने पर्याप्त सम्पदा छन्, तर ती सम्पदालाई व्यवस्थित पर्यटनको रूपमा विकास गर्ने प्रयास अझै अपेक्षाकृत रूपमा अगाडि बढ्न सकेको छैन ।

विश्वका धेरै देशले आफ्ना प्राकृतिक र सांस्कृतिक सम्पदालाई आर्थिक समृद्धिको आधार बनाएका छन्। थाइल्यान्डले समुद्री तट, संस्कृति, मन्दिर, खानपान र आतिथ्यलाई पर्यटनसँग जोड्यो। सिङ्गापुरसँग ठुलो प्राकृतिक सम्पदा नभए पनि सफाइ, सुरक्षा, अनुशासन, सेवा, व्यापार र



मनोरञ्जनलाई पर्यटनसँग जोडेर विश्वका पर्यटक आकर्षित गऱ्यो। स्विजरल्याण्डले आफ्ना हिमाल, ताल, प्राकृतिक सौन्दर्य र पहाडी जीवनलाई यातायात, होटेल, सेवा र व्यवस्थित पर्यटनसँग जोडेर संसारकै प्रसिद्ध पर्यटकीय गन्तव्य बनायो ।

यी देशको विकास हेर्दा एउटा कुरा स्पष्ट हुन्छ- पर्यटन आफैं विकास हुँदैन, त्यसका लागि योजना, लगानी, प्रचार, व्यवस्थापन र निरन्तर प्रयास आवश्यक हुन्छ। दाङसँग त पर्यटनका लागि चाहिने आधार नै प्रशस्त छन् ।

धार्मिक पर्यटनको बलियो आधार

घोराहीको अम्बिकेश्वरी मन्दिर दाङको प्रमुख धार्मिक सम्पदा हो । स्थानीय जनविश्वास, धार्मिक आस्था र ऐतिहासिक महत्त्व बोकेको यो स्थललाई व्यवस्थित रूपमा विकास गर्न सके धार्मिक पर्यटक आकर्षित गर्न सकिन्छ। त्यसै गरी धारापानीस्थित पाण्डवेश्वर महादेव धाम दाङको धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र हो। विशाल त्रिशूल, शिव लिङ्ग, धार्मिक संरचना र प्राकृतिक वातावरणले यस क्षेत्रलाई धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण बनाएको छ । धारा पानीलाई धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र मनोरञ्जनसँग जोडेर विकास गर्न सकिने प्रशस्त सम्भावना छ ।

चौघेराको रत्ननाथ तथा गोरक्षनाथ क्षेत्र दाङको धार्मिक तथा सांस्कृतिक इतिहाससँग जोडिएको महत्त्वपूर्ण स्थल हो। नाथ परम्परा र स्थानीय धार्मिक संस्कृतिसँग जोडिएको यस क्षेत्रको इतिहास र महत्वलाई प्रचार गर्न सके धार्मिक पर्यटकका साथै इतिहास र संस्कृतिमा रूचि राख्ने पर्यटकलाई पनि आकर्षित गर्न सकिन्छ ।

इतिहास बोकेका स्थान

तुलसीपुरको छिल्लीकोट दाङको ऐतिहासिक र प्राकृतिक पर्यटनको अनुपम सम्भावना बोकेको क्षेत्र हो। पुरानो राजकीय इतिहाससँग जोडिएको छिल्लीकोटबाट दाङ उपत्यकाको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । यहाँको ऐतिहासिक पक्षलाई संरक्षण गर्दै पुराना राजदरबार तथा संरचनाको खोज, अध्ययन र संरक्षण गर्न सके छिल्लीकोट आफैंमा एउटा महत्त्वपूर्ण ऐतिहासिक पर्यटन गन्तव्य बन्न सक्छ ।

छिल्लीकोटमा कच्ची सडक पुऱ्याएर मात्र पुग्दैन । त्यहाँको इतिहास बताउने संग्रहालय, सूचना केन्द्र, पैदल मार्ग, विश्राम स्थल, स्थानीय खानपान, घर बास र सांस्कृतिक कार्यक्रम आवश्यक छन् । त्यसै गरी दाङ धार्मिक पर्यटनमा मात्र सीमित छैन। यहाँ प्रकृतिले दिएको अनुपम सम्पदा पनि प्रशस्त छन् ।

जखेरा ताल धार्मिक तथा प्राकृतिक पर्यटनको महत्त्वपूर्ण गन्तव्य हो। ताल, वन, पहाड र धार्मिक वातावरणको संयोजनले यसलाई आकर्षक बनाएको छ। व्यवस्थित रूपमा विकास गर्न सके यहाँ पर्यटकलाई केही घण्टा होइन, एक-दुई दिनसम्म रोक्न सकिने वातावरण बनाउन सकिन्छ । ज्यामिरे दह, भोटे दह, बबई नदी र आसपासका प्राकृतिक क्षेत्रहरु पनि पर्यटनका महत्त्वपूर्ण आधार हुन् ।

त्यसै गरी तुलसीपुर क्षेत्रको चमेरे गुफा दाङको विशिष्ट प्राकृतिक सम्पदा हो । गुफाको भौगोलिक संरचना, प्राकृतिक आकृति र धार्मिक तथा स्थानीय जनविश्वाससँग जोडिएको पक्षलाई संरक्षण र प्रचार गर्न सके यो दाङको विशेष पहिचान बन्न सक्छ। गुफासम्म पुग्ने बाटो, सुरक्षा, प्रकाश, पैदल मार्ग, सरसफाइ, खानेपानी र सूचना केन्द्रको व्यवस्था गर्न आवश्यक छ । पुरन्धारा झरना दाङको अर्को महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । हरियाली बनबिचको झरना, प्राकृतिक वातावरण र मनोरम दृश्यले यसलाई आन्तरिक पर्यटकका लागि आकर्षक बनाएको छ। व्यवस्थित पूर्वाधार निर्माण र प्रचारप्रसार गर्न सके बाह्य पर्यटकसम्म पनि यसको परिचय पुऱ्याउन सकिन्छ । यसै गरी बराहकुने दह, बगरबाबा, रिहार, विभिन्न गुफा, पहाडी दृश्यावलोकन क्षेत्र, बबई नदी, थारु बस्ती र थारु संस्कृति दाङका पर्यटनका थप महत्त्वपूर्ण आधार हुन् ।

सरकारको लगानी कहाँ छ, परिणाम कहाँ छ?

दाङको पर्यटन विकासमा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले विभिन्न समयमा बजेट विनियोजन गरेका छन्। केही ठाउँमा सडक, भवन, पार्क, ताल संरक्षण, धार्मिक संरचना तथा अन्य पूर्वाधार निर्माण पनि भएका छन् ।

तर प्रश्न उठ्छ- त्यति लगानीपछि दाङमा पर्यटकको संख्या कति बढ्यो? पर्यटकको बसाइँ कति लम्बियो ? स्थानीयले कति रोजगारी पाए ? स्थानीय उत्पादनको बिक्री कति बढ्यो ? पर्यटनबाट जिल्लाको आम्दानी कति बढ्यो? यी प्रश्नको सन्तोषजनक उत्तर खोज्ने बेला आएको छ। कतिपय ठाउँमा बजेट छुट्याइएको छ, तर काम अधुरो छ। कतै संरचना बनेका छन्, तर प्रयोगमा छैनन्। कतै बाटो पुगेको छ, तर पर्यटकका लागि आवश्यक अन्य सुविधा छैनन्। कतै सुन्दर ठाउँ छ, तर त्यसको प्रचार नै भएको छैन ।

यसबाट के देखिन्छ भने समस्या केवल लगानीको अभाव होइन, लगानीलाई परिणाममा बदल्ने योजनाको अभाव पनि हो । अब तीनै तहका सरकारले पर्यटनलाई टुक्रे योजनाको रूपमा होइन, जिल्लाको आर्थिक विकाससँग जोडिएको दीर्घकालीन

बाँकी तेश्रो पेजमा

विप्लव नेतृत्वको नेकपाबाट चार नेता अलग

भञ्ज्याङ समाचारदाता/दमौली

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बाट तनहुँका चार नेताले पार्टी परित्याग गरेका छन् । केन्द्रीय प्रतिनिधि समिति सदस्य नवीनकुमार विक 'रक्षक'को नेतृत्वमा चार नेताले पार्टीबाट राजीनामा दिएको प्रेस विज्ञप्तिमार्फत जनाएका हुन् ।

पार्टी परित्याग गर्नेमा पूर्व जिल्ला सेक्रेटरी राजु विक 'एटम', वरिष्ठ जिल्ला सदस्य तथा व्यास नगरपालिका इन्चार्ज ओमविक्रम पन्त 'संघर्ष' र अखिल (समाजवादी)का केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष सनराइज घिमिरे रहेका छन् ।

उनीहरूले पार्टी नेतृत्वको राजनीतिक असफलता, विगतमा भएका विभाजन र विघटन तथा कम्युनिस्ट आन्दोलनको एकताप्रति नेतृत्वले देखाएको उदासीनताका कारण पार्टी छाड्ने निर्णय गरेको जनाएका छन् ।

विज्ञप्तिमा समग्र कम्युनिस्ट आन्दोलनको वैचारिक तथा राजनीतिक पुनर्गठन र एकता अभियानमा सहकार्य तथा समाहित हुने निर्णय सार्वजनिक गरिएको छ । सोमबार जारी विज्ञप्तिमा उनीहरूले कम्युनिस्ट एकताका लागि नयाँ राजनीतिक यात्राको आवश्यकता औंल्याएका छन् ।

तपाईको आज

मेष
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

वृष
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

मिथुन
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरुसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

कर्कट
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

सिंह
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

कन्या
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

तुला
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

वृश्चिक
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

धनु
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

मकर
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरुको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

कुम्भ
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

मीन
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।

कांग्रेस व्यास नगरको प्राथमिकता .....

र जनतासँगको सम्बन्ध विस्तार आवश्यक रहेको औंल्याएका थिए।

नवनिर्वाचित कार्यसमितिले अघि सारेका तीन कार्यक्रममध्ये ३५ वर्षमुनिका क्षेत्रीय प्रतिनिधिलाई समेटेर युवा प्रतिनिधि परिषद् गठन गर्ने योजना छ । यसबाट युवाको नेतृत्व क्षमता विकास गर्नुका साथै पार्टीका निर्णय र गतिविधिमा उनीहरूको सहभागिता बढाउने लक्ष्य राखिएको छ ।

त्यस्तै, नगरभित्र विपद्का समयमा परिचालित हुने ५० सदस्यीय युवा च्यापिड टास्क फोर्स गठन गरिने भएको छ । नगर सभापति सापकोटाको नेतृत्व तथा समन्वयमा रहने टोलीले बाढी, पहिरो र आगलागीजस्ता विपद्का बेला उद्धार, राहत तथा मानवीय सेवामा सहयोग गर्नेछ । राजनीतिक आस्थाभन्दा माथि उठेर मानवीय सेवामा परिचालित हुने गरी टोलीको अवधारणा अघि सारिएको कार्यसमितिले जनाएको छ ।

यसैगरी, 'संवादमा कांग्रेस' अभियानअन्तर्गत नगरका सबै वडाका टोल तथा घरघरमा पुगेर नागरिकसँग प्रत्यक्ष संवाद गरिने भएको छ । पार्टीका सक्रिय सदस्यसँगै निष्क्रिय रहेका तथा पार्टीबाट टाढिएका नेता-कार्यकर्तालाई पुनः संगठनमा जोड्ने र स्थानीय नागरिकका सुझाव, गुनासा तथा अपेक्षा सुन्ने अभियानको उद्देश्य छ ।

पदस्थापना कार्यक्रममा सहभागी नेताहरूले पार्टीलाई समयानुकूल स्थान्तरण गर्दै संगठन विस्तार र जनविश्वास अभिवृद्धिमा ध्यान दिनुपर्ने बताएका थिए । कार्यक्रममा महाधिवेशन प्रतिनिधि, क्षेत्रीय प्रतिनिधि, पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । नगर कार्यसमितिका सचिव गौरव पन्थले सञ्चालन गरेको कार्यक्रम चियापानसहित सम्पन्न भएको थियो ।

सरकारमाथि दबाब बढाउँदै .....

स्पष्ट पार्नुपर्ने उनीहरूको अडान छ ।

यसै विषयमा विपक्षीले ७८ दिनसम्म विरोध जनाएका थिए । जेठ २७ गतेसम्म सदन अवरूद्ध गरेका उनीहरूले त्यसपछि पनि बैठक सुरू हुनेबित्तिकै विरोध जनाउँदै आएका थिए । भदौ १ गते सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावलीका सम्बन्धित प्रावधानअनुसार सांसदका प्रश्नको जवाफ दिन प्रधानमन्त्रीलाई निर्देशन दिएका थिए । तर, प्रधानमन्त्रीले हालसम्म त्यसको जवाफ दिएका छैनन् ।

भदौ १० गतेका लागि तय भएको प्रधानमन्त्रीको जवाफ दिने कार्यक्रम भोटेकोशीमा आएको बाढीबाट भएको ठूलो जनधनको क्षतिपछि स्थगित भएको थियो । त्यसपछि प्रधानमन्त्रीले संसद्मा जवाफ नदिँदै प्रतिनिधिसभाको बर्खे अधिवेशन अन्त्य भयो । यसले विपक्षी दलहरूको असन्तुष्टि थप लम्ब्याएको छ ।

संसद् अधिवेशनको मागसँगै विपक्षी वामपन्थी दलहरूले सडक आन्दोलनको तयारीसमेत गरेका छन् । नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार राष्ट्रियता, सामाजिक न्याय, आर्थिक समृद्धि र जनजीविकाका सवालमा अनुदार बन्दै गएको आरोप लगाउँदै दसैँ, तिहार र छठलगत्तै आन्दोलन चर्काउने चेतावनी दिएका थिए ।

असोज २३ गते बसेको पार्टीको केन्द्रीय संयोजन समिति बैठकले पनि सरकार गठन भएको छोटो अवधिमै जनतामा असन्तुष्टि बढेको निष्कर्ष निकालेको थियो । सरकारका कामकारबाहीको आलोचना गर्दै पार्टी संगठन विस्तार र जनसम्बन्ध सुदृढ बनाउने उद्देश्यले नेकपाले कात्तिक ७ देखि मंसिर २५ गतेसम्म राष्ट्रिय जागरण अभियान सञ्चालन गरिरहेको छ।

अभियानमार्फत सरकारका कामको भण्डाफोर गर्नुका साथै राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक गणतन्त्र, जनजीविका, सुशासन र सामाजिक न्यायका मुद्दामा अन्य राजनीतिक दल तथा नागरिक समाजसँग सहकार्य गर्ने नेकपाको नीति छ । पार्टीको आन्तरिक परिपत्रमा देशभक्त, लोकतान्त्रिक तथा वामपन्थी दल, समूह र व्यक्तिसँग संवाद र समन्वय गर्ने उल्लेख छ । नागरिक समाज, बुद्धिजीवी, श्रमिक, किसान, सञ्चार क्षेत्र तथा स्वदेश र विदेशमा रहेका नेपाली समुदायसँग समेत साझा सरोकारका विषयमा सहकार्य गर्ने नीति अघि सारिएको छ ।

कात्तिक ७ गते जागरण अभियानबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रचण्डले देशमा नयाँ राजनीतिक परिस्थिति निर्माण हुने दाबी गरेका थिए । आफूहरूले इतिहास र राजनीतिक भूमिकालाई बेवास्ता गरिएको भन्दै उनले केही समयपछि त्यसको परिणाम देखिने बताएका थिए ।

विपक्षी दलहरूको पछिल्लो सक्रियताले सरकारमाथि संसद् सञ्चालन, पारदर्शिता र जवाफदेहिताका विषयमा राजनीतिक दबाब बढाएको छ । तर, सडक आन्दोलन र संसदीय विरोधलाई एउटै मोर्चामा जोड्न विपक्षी दलहरू कति सफल हुन्छन् भन्ने स्पष्ट भइसकेको छैन । फरक राजनीतिक विचार र प्राथमिकता भएका दलहरूबीच साझा मुद्दामा बनेको सहकार्य कति टिकाउ हुन्छ भन्ने कुराले नै सरकारविरूद्धको आगामी राजनीतिक दबाबको प्रभाव निर्धारण गर्नेछ ।

पर्यटनमा सरकारको लगानी .....

अभियानका रूपमा लिन आवश्यक छ ।

निजी क्षेत्र पनि अगाडि आउनुपर्छ

पर्यटन विकासको सम्पूर्ण जिम्मेवारी सरकारको मात्र होइन। सरकारले बाटो, पूर्वाधार र नीतिगत वातावरण बनाउने हो; निजी क्षेत्रले त्यसलाई व्यवसाय र रोजगारीमा रूपान्तरण गर्ने हो। दाङ जिल्ला उद्योग वाणिज्य संघलगायत निजी क्षेत्रका संस्थाहरुले यसमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्।

निजी क्षेत्रले दाङका पर्यटकीय गन्तव्यलाई आफ्नो व्यावसायिक सम्भावनासँग जोड्नुपर्छ । होटेल व्यवसायीले पर्यटकमैत्री सेवा दिनुपर्छ। यातायात व्यवसायीले सहज र सुरक्षित यातायातको व्यवस्था गर्नुपर्छ । उद्योगी व्यवसायीले स्थानीय उत्पादनलाई पर्यटकसम्म पुऱ्याउनुपर्छ। सञ्चारमाध्यमले दाङका गन्तव्यको निरन्तर प्रचार गर्नुपर्छ। पर्यटन व्यवसायीले घुम्ने योजना बनाएर पर्यटकलाई दाङ ल्याउने वातावरण बनाउनुपर्छ । दाङका धार्मिक, प्राकृतिक र ऐतिहासिक स्थललाई जोडेर एक दिने, दुई दिने र तीन दिने भ्रमणका योजना बनाउन सकिन्छ ।

घोराही-अम्बिकेश्वरी-धारापानी-चौधेरा-छिल्लीकोट-चमेरे गुफा हुँदै तुलसीपुर, अनि देउखुरीतर्फ जखेरा ताल-रिहार-बगरबाबा सम्मका भ्रमण मार्ग बनाउन सकिन्छ। निजी क्षेत्रले यस्ता भ्रमणका योजना बनाएर देशका प्रमुख सहरहरूमा प्रचार गर्न सक्छ। विद्यालय, महाविद्यालय, धार्मिक संस्था, उद्योगी, व्यवसायी र विभिन्न संघसंस्थासँग सहकार्य गरेर दाङ भ्रमण अभियान चलाउन सक्छ ।

पैसा मात्र आउँदैन, अवसर पनि आउँछ

एउटा पर्यटक दाङ आउँदा उसले होटेलमा पैसा खर्च गर्छ । यातायात प्रयोग गर्छ। खाना खान्छ। स्थानीय उत्पादन किन्छ। फलफूल, तरकारी, दूध, मासु, हस्तकला र अन्य वस्तुको माग बढ्छ । स्थानीय कलाकारले आफ्नो कला प्रस्तुत गर्ने अवसर पाउँछन्। युवाले रोजगारी पाउँछन् । महिलाले घर बास तथा स्थानीय उत्पादनमार्फत आम्दानी गर्न सक्छन् । त्यसैले पर्यटन भनेको केवल घुम्ने र रमाउने विषय होइन। पर्यटन स्थानीय अर्थतन्त्र चलाउने माध्यम हो । पर्यटन बढेपछि होटेल बढ्छ, यातायात बढ्छ, व्यापार बढ्छ, स्थानीय उत्पादनको बजार बढ्छ र रोजगारी सिर्जना हुन्छ । त्यसैले पर्यटनको विकासलाई जिल्लाको समग्र विकाससँग जोडेर हेर्नुपर्छ।

आफ्नो पहिचान आफैं बनाउनुपर्छ

दाङसँग पर्यटक बोलाउनका लागि नयाँ प्राकृतिक सम्पदा निर्माण गर्नुपर्ने आवश्यकता छैन। प्रकृतिले दिएको सम्पदा हामीसँग पहिल्यै छ। इतिहासले दिएको सम्पदा हामीसँग छ। धार्मिक आस्था छ । संस्कृति छ । थारू सभ्यता छ। ताल, दह, गुफा, झरना, नदी, पहाड र उपत्यका छन्। हामीसँग सम्पदा छ, सम्भावना छ; अब चाहिएको व्यवस्थापन, लगानी र इच्छाशक्ति हो ।

स्थानीय सरकारले पर्यटनलाई प्राथमिकतामा राख्नुपर्छ । प्रदेश सरकारले जिल्लाका महत्त्वपूर्ण पर्यटन मार्ग र गन्तव्यमा पर्याप्त लगानी गर्नुपर्छ । संघीय सरकारले राष्ट्रिय पर्यटन नीतिमा दाङका सम्भावनालाई उचित स्थान दिनुपर्छ। अनि निजी क्षेत्रले सरकारको मुख मात्र नहेरी आफैं पनि लगानी, प्रचार र व्यावसायिक योजनासहित अगाडि आउनुपर्छ । दाङ जिल्ला उद्योग वाणिज्य संघजस्ता संस्थाले सरकार र निजी क्षेत्रबिच पुलको भूमिका खेल्न सक्छन्। जिल्लाका पर्यटकीय गन्तव्यको अध्ययन, प्रचार, लगानी सम्मेलन, पर्यटन व्यवसायीको सहकार्य, स्थानीय उत्पादनको प्रवर्द्धन र पर्यटक आकर्षणका अभियान सञ्चालन गर्न सकिन्छ।

अन्ततः पर्यटन सरकारको मात्र विषय होइन, सम्पूर्ण जिल्लाको आर्थिक अभियान हो । दाङको पर्यटन विकास भयो भने दाङका गाउँमा रोजगारी सिर्जना हुन्छ, बजार चलायमान हुन्छ, स्थानीय उत्पादनले मूल्य पाउँछ र युवालाई आफ्नै ठाउँमा अवसर मिल्छ । त्यसैले अब पर्यटनलाई बजेटको एउटा सानो शीर्षकका रूपमा होइन, दाङको विकासको मेरूदण्डका रूपमा हेर्नुपर्छ ।

अब आवश्यक छ- सरकारको दृढ योजना, निजी क्षेत्रको लगानी, समुदायको सहभागिता र दाङलाई संसारसामु चिनाउने साझा अभियान । त्यसपछि मात्र दाङका पर्यटकीय स्थलहरु घुम्ने ठाउँ मात्र होइन, दाङको समृद्धिको आधार बन्नेछन् । रातोपाटीबाट

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376



पर्यटकलाई रैथाने परिकारको स्वाद चखाउने प्रयास

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

उपल्लो मुस्ताङमा पर्यटकको आकर्षण बढाउन स्थानीय रैथाने परिकारको प्रवर्धन गर्न थालिएको छ । सडक सञ्जालको विस्तारसँगै बाहिरबाट आयात गरिएका खाद्यवस्तुको प्रयोग बढ्दै जाँदा स्थानीय उत्पादन र तिनबाट बन्ने परिकार ओझेलमा पर्न थालेपछि रैथाने खानाको संरक्षण र बजारीकरणमा जोड दिइएको हो।

लोघेकर दामोदरकुण्ड गाउँपालिका-१ मराङमा स्थानीय उत्पादनबाट विभिन्न परिकार बनाउने सीप सिकाउन होटल तथा घरबास सञ्चालकलाई तालिम दिइएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय लोमन्थाङको आयोजनामा लो-मराङ सामुदायिक घरबासमा सञ्चालित तालिममा १८ घरधुरीका प्रतिनिधिसहित पर्यटन व्यवसायी सहभागी भएका छन् ।



तालिममा घमी, चराङ, मराङ तथा हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल दामोदरकुण्ड जाने याराघारा क्षेत्रका होटल व्यवसायीको समेत सहभागिता रहेको थियो । उनीहरूलाई उपल्लो मुस्ताङमा उत्पादन हुने फापर, आलु, उवा लगायतका कृषि उपजबाट स्थानीय स्वादका परिकार तयार गर्ने विधि सिकाइएको छ । साथै पाहुनाको सत्कार, खाद्य स्वच्छता र सरसफाइका विषयमा समेत जानकारी दिइएको छ ।

एक्याप प्रमुख उमेश पौडेलका अनुसार सडक विस्तारसँगै स्थानीय कृषि उपजको सट्टा बाहिरबाट ल्याइएका खाद्यवस्तु प्रयोग गर्ने क्रम बढेको छ । यसले स्थानीय उत्पादनमा आधारित खानाको प्रचलन घटाउँदै लगेकाले पर्यटकीय सेवासँग जोडेर रैथाने परिकारको पुनःप्रवर्धन गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको उनले बताए।

स्थानीय उत्पादनलाई पर्यटकीय बजारसँग जोड्दा किसानको आम्दानी बढ्नुका साथै होटल तथा घरबास व्यवसायको मौलिक पहिचानसमेत स्थापित हुने अपेक्षा गरिएको छ । स्थानीय आयआर्जन र स्वरोजगार प्रवर्धनका लागि घरबास तथा होटलमा आउने पाहुनालाई रैथाने परिकार प्राथमिकताका साथ खुवाउन गाउँपालिकाले पनि सहयोग गर्दै आएको उपसमिति संयोजक छिरिङ ल्हामो गुरूङले बताए ।

गाउँपालिका अध्यक्ष लोप्साङ छोम्पेल विष्टले पर्यटकको रोजाइमा परिरहेको स्थानीय परिकार बनाउनसमेत कठिनाइ भइरहेको अवस्थामा तालिमले व्यवसायीलाई सहयोग पुग्ने बताए। घरबासमा आउने पाहुनाले पारिवारिक वातावरणको अनुभूति गर्न स्थानीय खानाको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ। उनले भने, "घरबासमा पाहुनाले पारिवारिक वातावरणमा बसेको अनुभूति दिलाउन परिकार पनि स्थानीय हुनुपर्छ ।"

स्थानीय खानासँगै पाहुनाको स्वागत, बिदाइ र कोठाको सजावटले पनि घरबासको आकर्षण बढाउने अध्यक्ष विष्टले बताउनुभयो। गाउँपालिकाले पर्यटकलाई फापरको रोटी, ढिँडो, स्थानीय तरकारी लगायत अर्गानिक परिकार खुवाउन तथा स्थानीय कला र संस्कृतिमार्फत स्वागत गर्न अनुदानसमेत उपलब्ध गराउँदै आएको छ ।

रैथाने खाद्य परिकारको प्रवर्द्धनले पर्यटकलाई नयाँ स्वादको अनुभव दिलाउनुका साथै स्थानीय कृषि उत्पादनको खपत बढाउने र मौलिक खानपान संस्कृतिको संरक्षणमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

मिलुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
कात्तिक २१ गते शनिबार
१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ डा. डि.बि. लामिछानेद्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै क) नाक सम्बन्धी समस्याहरुका लक्षणहरु : लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । ख) कान सम्बन्धी लक्षणहरु : श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । ग) घाँटी सम्बन्धी समस्याहरुका लक्षणहरु : घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।
हाम्रा उपलब्ध सेवाहरु :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



व्यास र प्रदेश सरकारबीच परियोजना सम्झौता

मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाबीच परियोजना सम्झौता गरिएको छ । सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा र व्यास नगरपालिका नगरकार्यपालिकाको कार्यालय, दमौली, तनहुँबीच सम्झौता गरिएको हो । सम्झौतापत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव छविलाल रिजाल र व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले हस्ताक्षर गरेका छन् । मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत भएको यस सम्झौताले स्थानीय तहमा नवप्रवर्तनमा आधारित कार्यक्रम तथा परियोजना सञ्चालनका लागि सहकार्यको आधार तयार गरेको छ ।

तस्विर : भञ्ज्याङ

कालीगण्डकीको विनाशको कारण खोज्न ढिलाइ

बाढीले अर्बौंको क्षति पुऱ्याए पनि वैज्ञानिक अध्ययन सुरू भएन, नदी किनारमा फालिएको गेग्रान र निर्माणजन्य सामग्रीले जोखिम बढाएको विज्ञको भनाइ

भञ्ज्याङ समाचारदाता/म्याग्दी

असोज दोस्रो साता कालीगण्डकी नदीमा आएको विनाशकारी बाढीले चार जिल्लामा ठूलो जनधनको क्षति पुऱ्यायो । बाढीले बस्ती, सडक, खेतीयोग्य जमिन, जलविद्युत् आयोजना र सार्वजनिक संरचनामा अर्बौंको क्षति गरे पनि यसको कारण र प्रभावबारे वैज्ञानिक अध्ययन हुन सकेको छैन। बाढी आएको एक महिना बितिसक्दा पनि नदीको बहावमा आएको परिवर्तन, मानवीय गतिविधिको प्रभाव र आगामी जोखिम पहिचान गर्ने गरी अध्ययन प्रक्रिया अघि बढ्न सकेको छैन ।

बाढीको कारण पत्ता लगाएर भविष्यमा हुन सक्ने क्षति न्यूनीकरणका उपाय खोज्नुपर्नेमा सम्बन्धित निकायले अध्ययनमा चासो नदेखाएको भन्दै नदी तटीय क्षेत्रका बासिन्दाले चिन्ता व्यक्त गरेका छन् । बाढीले पुऱ्याएको क्षतिको विवरणसमेत पूर्ण रूपमा संकलन भइसकेको छैन ।

म्याग्दीको दानादेखि बेनी हुँदै पर्वतको जलजला गाउँपालिका र कुश्मा नगरपालिकाको नयाँपुलसम्म कालीगण्डकीको कटानले ठूलो क्षति पुऱ्याएको थियो। अन्नपूर्ण गाउँपालिकाका दाना, नारच्याङ, भुरुङ तातोपानी, पोखरेबगर र ठूलोबगरदेखि बेनी बजार, जलजलाको लामाखेत, मिलनचोक, फर्से बजार र बेनीको आनन्दबगर क्षेत्र बाढीबाट प्रभावित भएका थिए। वर्षौंदेखि सञ्चालनमा रहेको फर्से बजार नै नदीले बगाउँदा ६५ घरपरिवार घरबारविहीन भएका छन्।

बाढीले कालीगण्डकी करिडोरको मालढुङ्गादेखि मुस्ताङको घाँसासम्म करिब १० किलोमिटर सडकसमेत बगाएको छ । नदी कटानबाट निजी तथा सार्वजनिक सम्पत्तिमा पुगेको क्षति ठूलो भए पनि यसको वास्तविक परिमाण र दीर्घकालीन असर अझै स्पष्ट हुन सकेको छैन ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीले भने कालीगण्डकी करिडोर क्षेत्रमा निर्माणाधीन जलविद्युत् आयोजना, प्रसारण लाइन, सडक, खेतीयोग्य जमिन र निजी तथा सार्वजनिक संरचनामा भएको क्षतिको विवरण संकलन सुरू गरेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी गणेश गैरेले प्रारम्भिक अनुमानअनुसार बाढीबाट अर्बौं रूपैयाँ बराबरको क्षति भएको र विस्तृत विवरण संकलन भइरहेको बताए ।

नदीको बहाव, भूगर्भीय अवस्था र बाढीको प्रकृतिबारे अध्ययन गर्ने छुट्टै सरकारी निकाय भएकाले वैज्ञानिक अध्ययनको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने उनको भनाइ छ । उनले भने, "कालीगण्डकी बेसिनमा निर्माणाधीन जलविद्युत् आयोजनाहरू र तटीय क्षेत्रका बासिन्दाले बाढीको अध्ययन गर्नुपर्ने विषय उठाउनुभएको छ । थप आवश्यक परेमा हामीले पनि सरकारलाई अध्ययनका लागि अनुरोध गर्न सक्छौं।"



बाढीबाट भविष्यमा हुन सक्ने क्षति रोक्न विपद् व्यवस्थापन समितिमा छलफल भइरहेको उनले जानकारी दिए । कालीगण्डकी तटीय क्षेत्रका बजार, बेनी सदरमुकाम, सयौं रोपनी खेतीयोग्य जमिन, जलविद्युत् आयोजना, प्रसारण लाइन र निजी सम्पत्ति जोखिममा रहेकाले पूर्वसूचना प्रणाली स्थापना तथा विपद् न्यूनीकरणका कामलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले कालीगण्डकीमा आएको बाढीलाई सामान्य प्राकृतिक प्रकोपका रूपमा मात्रै हेर्न नहुने बताए। उनले विगत ३० देखि ४० वर्षयताकै ठूलो बाढी आएको उल्लेख गर्दै यसको कारणबारे गम्भीर अनुसन्धान आवश्यक रहेको बताए ।

उनले भने, "यसअघि पनि दुई-चार दिन लगातार वर्षा हुने गरेको थियो । तर, यति ठूलो बाढी आएको थिएन। यसपटक सहायक खोलाहरूमा ठूलो बाढी नआउँदा पनि कालीगण्डकीमा कसरी यति ठूलो बाढी आयो भन्ने विषयमा गम्भीर अध्ययन हुनुपर्छ । सरकारी निकायले यसमा ढिलाइ गर्नुहुँदैन ।"

यसैबीच जलस्रोत तथा भू-संरक्षण क्षेत्रका विज्ञहरूले बाढीको विनाशमा प्राकृतिक कारणसँगै मानवीय गतिविधिले पनि भूमिका खेलेको बताएका छन् । जलविद्युत् आयोजना निर्माण गर्दा निस्किएको मकिङ मेटेरियल (सुरूङ खन्दा निस्कने ढुङ्गा, माटो तथा गेग्रान) र सडक निर्माण तथा पहिरो पन्छाउँदा निकालिएको सामग्री नदी किनारमा जथाभाबी थुपार्दा नदीको सतह उकासिएको र बहाव प्रभावित भएको उनीहरूको विश्लेषण छ ।

म्याग्दी र मुस्ताङसमेत कार्यक्षेत्र रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतका वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत शम्भुकुमार मिश्रका अनुसार कालीगण्डकीले बढी क्षति पुऱ्याएका क्षेत्रमा घारखोलाबाहेक अन्य ठूला सहायक नदीमा उल्लेख्य बाढी आएको थिएन । बाढीको विनाशकारी प्रभाव मुख्यतः घाँसाभन्दा तलको क्षेत्रमा देखिएको उनले बताए।

उनका अनुसार घाँसाभन्दा तल निर्माण भएका तथा निर्माणाधीन जलविद्युत् आयोजनाका सुरूङ खन्दा निस्किएको ढुङ्गा, लेदो र विस्फोटक पदार्थका अवशेषसमेत उचित डम्पिङ साइटमा व्यवस्थापन नगरी नदी किनारमा फाल्ने गरिएको छ । सडक निर्माणका क्रममा निस्किएको ढुङ्गा-माटो र पहिरो पन्छाउँदा निकालिएको गेग्रान पनि नदीमै थुपार्ने प्रवृत्तिले समस्या थपेको उनको भनाइ छ ।

नदी किनारमा थुपारिएको हजारौं टन निर्माणजन्य सामग्रीका कारण कतिपय स्थानमा कालीगण्डकीको सतह दुई मिटरभन्दा बढी उकासिएको उनले बताए । उनले भने, "भारी वर्षापछि नदीको बहाव बढ्दा किनारमा थुप्रिएको गेग्रान र लेदो एकैपटक बगेर आयो । त्यसले नदीको धार र गति परिवर्तन गऱ्यो। नदीले तटीय क्षेत्रका सडक, विद्युत् संरचना र बस्तीमा ठूलो क्षति पुऱ्यायो।"

आफ्नो कार्यालयसँग बाढीको विस्तृत वैज्ञानिक अध्ययन गर्न आवश्यक बजेट र जनशक्ति नभएकाले माथिल्लो निकायबाट अध्ययन गरिनुपर्ने उहाँको भनाइ छ।

कालीगण्डकी करिडोर मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक योजना प्रमुख तेजस्वी शर्माले पनि जलविद्युत् आयोजना तथा सडक निर्माणका क्रममा निस्किएका ढुङ्गा-माटो नदी तटीय क्षेत्रमा फाल्ने र उचित व्यवस्थापन नगर्ने प्रवृत्तिले बाढीको जोखिम बढाएको बताए ।

बाढीको कारण पहिचान, नदीको बहाव र सतहको अवस्थाको वैज्ञानिक विश्लेषण तथा तटीय क्षेत्रमा भएका मानवीय गतिविधिको मूल्याङ्कन बिना दीर्घकालीन समाधान खोज्न कठिन देखिन्छ । बाढीले क्षति पुऱ्याएका संरचनाको पुनर्निर्माणसँगै नदीको प्राकृतिक बहावमा परेको असर अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी गैरेले नदीमा पूर्वसूचना प्रणाली जडान गर्ने र नदी क्षेत्रमा हुने मानवीय लापरबाही नियन्त्रण गर्नुपर्ने बताएका छन् । सम्बन्धित सरकारी निकायबाट अध्ययन हुने विश्वास व्यक्त गर्दै उनले अध्ययनका लागि जिल्ला विपद् व्यवस्थापन समितिका तर्फबाट पनि अनुरोध गरिने जानकारी दिए ।

तर, बाढीको क्षति विवरण संकलन र पुनर्निर्माणको प्रक्रियासँगै जोखिमको मूल कारण खोज्ने वैज्ञानिक अध्ययन कहिले सुरू हुन्छ भन्ने अझै निश्चित भएको छैन । कालीगण्डकी तटीय क्षेत्रका बस्ती र पूर्वाधारलाई सुरक्षित राख्न अब क्षतिको हिसाब मात्र होइन, विनाशको कारण पहिचान गरी त्यसअनुसार नदी व्यवस्थापनको योजना बनाउनु आवश्यक देखिएको छ ।

facebook twitter



Tara Nath Dahal
x.com/tndahal17

अपराध अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहेको व्यक्तिको "बयान" सरकारी वकिलले अदालतमा पेश नगरेसम्म सार्वजनिक जानकारीमा आउदैनन। तर बिभिन्न सन्चार माध्यममा ईनमले यसो भने उसो भने भनेर समाचार श्रृंखलाहरू चलिरहेका छन ।
नेपाल प्रहरी भित्रका "संवाददाता" हरू तगडा नै रहेछन।



Rupesh Shrestha
x.com/Roopess

अंग्रेजीमा एउटा भनाइ छ, "Never argue with an idiot. They will drag you down to their level and beat you with experience."
अर्थात्, मूर्खहरूसँग कहिल्यै वादविवाद नगर । उनीहरूले तिमीलाई आफ्नो स्तरमा झार्छन् र त्यसपछि आफ्नो अनुभवको बलमा कुट्छन् । जीन्दगीमा यस्ता घटना अझै धेरै घटना देखिन्छ होला भन्ने अनुमान छ ।

व्यास मेयर कपको सेमिफाइनल समीकरण पूरा

भञ्ज्याङ समाचारदाता/दमौली

दमौलीमा जारी प्रथम व्यास मेयर कप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । व्यास नगरपालिका नगर खेलकुद समितिको आयोजनामा व्यास-१ ले व्यास-३ लाई ३-१ गोलले पराजित गर्दै सेमिफाइनल यात्रा तय गऱ्यो ।

अन्य खेलमा व्यास-७ ले व्यास-५ लाई ४-१ गोलले हराउँदै अन्तिम चारमा स्थान बनाउँदा व्यास-६ ले व्यास-१० लाई ट्राइबेकरमा



व्यास-३ स्थित बीपी वनवाटिका खेलमैदानमा सञ्चालित प्रतियोगिताको क्वाटरफाइनल खेल सकिएसँगै अन्तिम चारमा पुग्ने टोलीको टुंगो लागेको हो ।

क्वाटरफाइनलमा व्यास-८ ले व्यास-२ विरूद्ध १३-० गोलको फराकिलो जित निकाल्दै प्रतियोगितामा आफ्नो बलियो दाबेदारी प्रस्तुत गरेको छ । त्यस्तै, पराजित गऱ्यो । निर्धारित समयमा दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय ट्राइबेकरबाट लिइएको थियो । जसमा व्यास-६ ले ६-५ गोलको जित निकाल्यो । अब प्रतियोगिताको उपाधि यात्रामा व्यास-८, व्यास-७, व्यास-१ र व्यास-६ प्रतिस्पर्धामा छन् । सेमिफाइनलमा व्यास-८ र व्यास-७ तथा व्यास-१ र व्यास-६ बीच प्रतिस्पर्धा हुनेछ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४